पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०८०/८१
च.नं. १६८६

विषयः प्राविधिक शिक्षा अध्ययन छात्रवृतीका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना।

यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्राविधिक उच्च शिक्षा अध्ययन गरीरहेका दलित विद्यार्थीहरुलाई छात्रवृती वितरण गर्ने कार्यक्रम रहेकोले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन लिइ सञ्चालित संस्थामा डिप्लोमा तहमा अध्ययनरत र नेपालका विभिन्न विश्वविद्यालयहरुमा प्रविणता प्रमाणपत्र तह / स्नातक तहमा प्राविधिक विषय अध्ययनरत ३ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी बढीमा रु १०००००(एक लाख) छात्रवृत्ती प्रदान गरीने भएकोले पुनर्वास नगरपालिका स्थायी ठेगाना भएका दलित विद्यार्थीहरुबाट मिति २०८१।११।०२ गते कार्यालय समय भित्र तोकिएका कागजात सहित यस कार्यालयमा यसै साथ संलग्न ढाँचामा निवेदन पेश गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ।

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

निवेदन साथ संलग्न राख्नु पर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२ .अन्यत्रबाट बसाइ सरी आएको भए बसाइ -सराइ दर्ता प्रमाणपत्रको प्रतिलिपि

३. विद्यार्थी परिचय पत्रको प्रतिलिपि

४.आर्थिक रुपमा कमजोर भएको र सम्बन्धित वडामा स्थायी बसोबास गरी रहेको भनी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

५. सम्बन्धित विद्यालय/क्याम्पसको सिफारिस पत्र

६.अन्य निकायबाट छात्रवृती प्राप्त नगरेको स्वघोषणा पत्र

७.जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित गरेको प्रत्रको प्रतिलिपि

८. सम्बन्धित विद्यार्थीको नाम, खाता नम्वर र बैकको नाम स्पष्ट देखिने गरी विद्यार्थीको नामको चेकको प्रतिलिपि

९. विद्यार्थीले सम्बन्धित विद्यालय/क्याम्पसमा बुझाएको शुल्क स्पष्ट देखिने रसिदको प्रतिलिपि

१०.सम्बन्धित विद्यार्थीले एस इ इ/ एस एल सी/प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेका शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपिहरु

१०. यो छात्रवृती सम्बन्धित विद्यार्थीलाई एकपटक मात्र प्रदान गरिने भएकोले गत वर्ष यो छात्रवृती उपलब्ध गराइएका विद्यार्थीहरुलाई यस वर्ष उपलब्ध गराइने छैन।

११.विद्यार्थीले नगरपालिकाले तोके बमोजिमका शर्त बमोजिम नगरी सरकारी बाँकी सरह असुल उपर गर्नु पर्ने अवस्था आएमा विद्यार्थीले पाएको रकम आफुले सरकारी बाँकी सरह तिर्न मञ्जुर रहेको भनी विद्यार्थीको अभिभावकको कबुलियतनामा।

नोटः
छात्रवृती वितरण सम्बन्धमा कुनै द्धिविधा भएमा पुनर्वास नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

छात्रवृतीका लागि दिइने निवेदन

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू  मिति
पुनर्वास नगरकार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर ।

विषयः छात्रवृत्ती उपलब्ध गराई पाँउ ।

प्रस्तुत विषयमा पुनर्वास नगरपालिका वडा नं ...... ............स्थायी ठेगाना भई हाल .........................विद्यालय/क्याम्पसमा ...............विषय लिई अध्ययनरत रहेको म निवेदक देहायका कागजात सहित प्राविधिक उच्च शिक्षा अध्ययनरत दलित विद्यार्थीको लागि ताँहा कार्यालयबाट मिति ................मा प्रकाशित गरिएको सूचना अनुसार छात्रवृती पाँउ भनी निवेदन पेश गरेको छु ।

व्यक्तिगत विवरण

विद्यार्थीको नामथरः  स्थायी ठेगानाः  वुवाको नामथरः
आमाको नामथरः  नागरिकता नं  सम्पर्क नः

अध्ययनरत विद्यालय/क्याम्पसको नामः

तहः  विषयः  शैक्षिक सत्रः

संलग्न कागजातहरुः

- विद्यार्थी परिचय पत्रको प्रतिलिपि
- आर्थिक रुपमा कमजोर भएको भनी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- सम्बन्धित विद्यालय/क्याम्पसको सिफारिस पत्र
- अन्य निकायबाट छात्रवृती प्राप्त नगरेको स्वघोषणा पत्र
- जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित गरेको प्रत्रको प्रतिलिपि लगायत सूचनामा उल्लेखित सबै कागजातहरु

माथि उल्लेख गरेका व्यहोरा सबै साँचो हुन , मैले अन्य कुनै संघ संस्था निकायबाट छात्रवृती पाइरहेको छैन व्यहोरा झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला भनी सही छाप गरि दिए ।

निवेदक

नामः

हस्ताक्षरः

मिति

| दाँया | बाँया |
|---|---|
| | |

लक्ष्मी दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल